खण्ड: ९ संख्या: ८ मिति:२०८३।०३।२५

# बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बर्दिबास,महोत्तरी

## मधेश प्रदेश,नेपाल

खण्ड: ९ संख्या: ८ मिति:२०८३।०३।२५

भाग – २

बर्दिबास नगरपालिका

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०८३

बर्दिबास राजपत्र

खण्ड: ९ संख्या: ८ मिति:२०८३।०३।२५

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३

**पृष्ठभूमिः**

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको छ। संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाज निर्माणको लागि सामाजिक समावेशीकरणको विषयलाई बर्दिबास नगरपालिकाको सबै विषय क्षेत्रहरुमा आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्नुपर्ने आवश्यकता रहेको छ।

यस सन्दर्भमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिता, सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यस नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८३ तर्जुमा गरेको छ।

### परिच्छेदः १

#### १. कानुनी तथा नीतिगत आधार र सन्दर्भः

नेपालको संविधान, २०७२ को प्रस्तावनाले नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने संकल्प व्यक्त गरेको छ। संविधानले मौलिक हकअन्तर्गत धारा १८ (समानताको हक), धारा २४ (छुवाछुत तथा भेदभाव विरुद्धको हक), धारा २९ (शोषण विरुद्धको हक), धारा ३८ (महिलाको हक), धारा ३९ (बालबालिकाको हक), धारा ४० (दलितको हक), धारा ४१ (ज्येष्ठ नागरिकको हक) र धारा ४२ (सामाजिक न्यायको हक) मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ।

त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखेको छ। ऐनको दफा २४ उपदफा (२) अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री विकास, बालमैत्री दृष्टिकोण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन तथा लैङ्गिक एवं सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई अनिवार्य रूपमा ध्यान दिनुपर्ने व्यवस्था गरिएको छ।

उक्त ऐनले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारभित्र लैससास सम्बन्धी विषयलाई समेत समेटेको छ। वडा समितिको जिम्मेवारी अन्तर्गत खण्डीकृत तथ्याङ्क संकलन, सामाजिक कुरीति अन्त्य, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा न्यूनीकरण तथा नियन्त्रणजस्ता कार्यहरू उल्लेख गरिएको छ। साथै, योजना तर्जुमा प्रक्रियामा महिला, दलित, पिछडिएको तथा सीमान्तकृत वर्गको सहभागिता सुनिश्चित गर्न जोड दिइएको छ। विकास योजनाहरू छनोट गर्दा लक्षित समूहलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई प्राथमिकता दिँदै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रवर्द्धन गर्ने व्यवस्था समेत गरिएको छ।

नेपाल सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी विभिन्न नीतिगत तथा कानुनी व्यवस्था लागू गरेको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, सामाजिक समावेशीकरण नीति, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्थानीयकरण रणनीति, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ लगायतका कानुनहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक निरोधात्मक, संरक्षणात्मक तथा नियमनकारी व्यवस्था गरेका छन्।

नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूमा समेत प्रतिबद्धता जनाउँदै विभिन्न दस्तावेजहरूको अनुमोदन गरेको छ। दिगो विकास लक्ष्य (SDGs) २०३० अन्तर्गत लक्ष्य नं. ५ ले लैङ्गिक समानता सुनिश्चित गर्ने र लक्ष्य नं. १६ ले शान्तिपूर्ण, समावेशी समाजको प्रवर्द्धन, न्यायमा पहुँच सुनिश्चितता तथा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको विकासलाई जोड दिएको छ।

त्यसैगरी, बेइजिङ घोषणापत्र (१९९५) ले महिलाका १२ प्रमुख सरोकारका क्षेत्रहरूलाई समेटेको छ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW, 1979) ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदका प्रस्ताव नं. १३२५ र १८२० ले सशस्त्र द्वन्द्व तथा द्वन्द्वपश्चातको अवस्थामा महिलामाथि हुने यौनजन्य हिंसा विरुद्ध न्याय, सुरक्षा तथा शान्ति प्रक्रियामा सुनिश्चित गरेको छ भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD, 2010) ले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार, समान अवसर तथा भेदभावरहित जीवन सुनिश्चित गरेको छ।

उपर्युक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन र प्रतिबद्धताहरूको मार्गदर्शन र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११(२) (क)** अन्तर्गत रहेर बर्दिबास नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८३ तर्जुमा गरेको हो। यस नीतिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको स्थानीयकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

स्थानीय सरकार नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको निकाय भएकाले लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण सुनिश्चित गर्न उत्तरदायी तथा संवेदनशील भूमिका निर्वाह गर्न आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा आधारित समाज निर्माण, कानुनी राज्यको सुदृढीकरण, दिगो विकास तथा आर्थिक समृद्धिको अवधारणालाई समुदायस्तरमै संस्थागत गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ।

यस नीतिले समाजमा विद्यमान असमानता, लैङ्गिक तथा जातीय विभेद, हिंसा, घरेलु हिंसा, यौन दुर्व्यवहार, शोषण, सामाजिक बहिष्करण, गरिबी, बालश्रम, अपाङ्गता विभेद तथा अन्य हानिकारक सामाजिक अभ्यासहरूको अन्त्य गर्दै समावेशी, न्यायपूर्ण तथा लैससासमैत्री विकास प्रणाली संस्थागत गर्न मार्गदर्शन गर्नेछ।

## २. नगरपालिकाको संक्षिप्त परिचयः

बर्दिबास नगरपालिका महोत्तरी जिल्लाको उत्तर–पूर्वी क्षेत्रमा चुरे पर्वत श्रृंखलाको फेदीमा अवस्थित छ। यो नगरपालिका साविकका बर्दिबास, माइस्थान, गौरीबास र किसाननगर गाविसहरूलाई एकीकरण गरी वि.सं. २०७१ मंसिर १६ गते स्थापना गरिएको हो। त्यसपछि देश संघीय संरचनामा प्रवेश गरेसँगै वि.सं. २०७३ फागुन २७ गते हाथिलेट, पशुपतिनगर, खयरमारा र विजलपुरा गाविसहरू समेत समायोजन गरी हालको बर्दिबास नगरपालिका कायम गरिएको हो। यस नगरपालिकाको अक्षांश २६° ५४' ६.८४" उत्तरदेखि २७° ०८' ४६.९०" उत्तरसम्म तथा देशान्तर ८५° ४७' ४२.६७" पूर्वदेखि ८५° ५६' ४२.९७" पूर्वसम्म फैलिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या ७४,३६१ रहेको छ, जसमा ३७,६३९ (५०.६ प्रतिशत) महिला र ३६,७२२ (४९.४ प्रतिशत) पुरुष रहेका छन्। ३१५.६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो नगरपालिका महोत्तरी जिल्लाको उत्तर–पूर्वी प्रवेशद्वारका रूपमा परिचित छ। समुद्री सतहबाट १३६ मिटरदेखि ७७४ मिटरसम्म उचाइ रहेको यस नगरपालिकामा ६०० मिटरभन्दा तल उष्ण तथा ६०० मिटरभन्दा माथि उपोष्ण जलवायु पाइन्छ। औसत वार्षिक वर्षा १,८४१ मिलिमिटर र सापेक्षिक आद्रता ५७ प्रतिशत रहेको छ। बर्दिबास–सिन्धुली–बनेपा सडक यही नगरपालिकाबाट सुरु हुने भएकाले काठमाडौं प्रवेशका लागि पूर्वी द्वारका रूपमा यसको विशेष रणनीतिक महत्व रहेको छ। साथै, कृषि, पशुपालन, वन स्रोत, व्यापार तथा पर्यटन विकासका दृष्टिले पनि बर्दिबास नगरपालिका उच्च सम्भावना बोकेको स्थानीय तहका रूपमा परिचित छ।

स्थानीय राजपत्र

## परिच्छेदः २

### ३. बर्दिबास नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरु (SWOT Analysis)

**सबल पक्षः**

**क)** लैससासलाई सम्बोधन गरी विषय क्षेत्रगत कानूनहरु तयार भएको,

**ख)** वार्षिक नीति, बजेट तथा कार्यक्रमले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषयलाई समावेश गरेको,

**ग)** समावेशी प्रतिनिधित्व सहितको नगरसभा र कार्यपालिका रहेको,

**घ)** महिला तथा लक्षित वर्गको क्षमता विकास, जिविकोपार्जन तथा सशक्तिकरणको लागि विशेष कार्यक्रम नियमित सन्चालनमा रहेको,

**ङ)** महिला हिंसा, घरेलु हिंसा तथा अन्य हिंसाका पीडितलाई संरक्षण गरी पुनउत्थानको लागि **लैङ्गिक हिंसा निवारण कोष कार्यविधि** सञ्चालनमा रहेको,

**च)** अपाङ्गता भएका व्यक्तिहरुलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र क्षमता विकास कार्यक्रम नियमित सन्चालनमा रहेको,

**छ)** महिला विकास शाखामा दक्ष जनशक्ति रहेको,

**ज)** नगरपालिकाको लैससास परीक्षण हुने गरेको।

**कमजोर पक्षः**

**क)** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग प्रत्यक्ष सम्बन्धित पर्याप्त नीति तथा कानूनको अभाव,

**ख)** नगरसभा, कार्यपालिकामा समावेशी प्रतिनिधित्व भएपनि निर्णायक भुमिकाको अभाव,

**ग)** भौतिक पूर्वाधार तथा संरचनाहरु लैससास मैत्री हुन नसकेको,

**घ)** जोखिम तथा हिंसा पिडित महिला, बालबालिका तथा लक्षित वर्गको लागि संरक्षण तथा पुनर्स्थापना केन्द्र नरहेको,

**ङ)** लक्षित वर्ग विशेष कार्यक्रम रहेपनि पर्याप्त नरहेको,

च) लक्षितवर्ग, विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क तथा व्यवस्थित अभिलेखिकरण नरहेको,

छ) लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य मान्यता, प्रथा परम्परा कहिँकतै व्यहारमा कायमै रहेको।

अवसरः

क) सामाजिक मूल्य, मान्यता र व्यवहारमा क्रमश सकारात्मक परिवर्तन हुँदै गएको,

ख) लैससास सम्बन्धित संवैधानिक प्रावधान, दिगो विकास लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानियकरण गर्न सकिने,

ग) यस नगरपालिका भित्र महिला तथा विभिन्न लक्षित वर्गका समूहहरु क्रियाशिल रहेका,

घ) सबैको पहुँच स्थापित हुने समावेशी बर्दिबास निर्माण बनाउन सकिने,

ङ) पहुँचयोग्य संरचना निर्माण, व्यवस्थापन र कार्यान्वयन गर्न सकिने।

चुनौतीः

क) विभेद, कुप्रथा तथा सामाजिक गलत अभ्यासहरु रुपान्तरण गरी न्यूनीकरण गर्नु,

ख) जलवायु परिवर्तन तथा प्राकृतिक विपद्का कारण जिबिकोपार्जनमा बढ्दो जोखिम,

ग) ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन नहुँदा यथास्थितिवादी सोचमा अपेक्षाकृत परिवर्तन हुन नसक्नु,

घ) प्रयाप्त जनशक्ति र बजेट व्यवस्थापन,

ङ) समाजमा विद्यमान रहेको आर्थिक असमानता र गरिबी।

४. बर्दिबास नगरपालिकाको लक्षीत समूह नक्सांकन:

| | |
|---|---|
| १ | महिला (एकल महिला, गर्भवती महिला, अपांगता भएका महिला, हिंसा प्रभावित महिला, दलित महिला, विपन्न र ज्येष्ठनागरिक महिला) |
| २ | बालबालिकाका (अविभाभक तथा संरक्षक बिहिन, अति बिपन्न, दलित, अपांगता भएका, कुपोषित, बेवपारिसे, सौतेनी आमावाट प्रभावित विपद तथा प्रकोपबाट प्रभावित बालश्रमिक हिंसा तथा दुर्व्यबहारमा परेका आदि) |
| ३ | अपाङ्गता भएका ब्यक्ति |
| ४ | ज्येष्ठ नागरिक |
| ५ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक: |
| ६ | द्वन्द प्रभावित |

| | |
|---|---|
| ७ | अति विपन्न लोपन्मुख तथा सिमान्तकृत समुदाय। |

बदिबास राजपत्र

## ५. लैससास नीतिको आवश्यकता:

क) नेपालको संबिधानले निर्दिष्ट गरेका मौलिक हकहरु सबै बर्ग समुदायले सहज रुपमा उपयोग गर्न सक्ने वातावरण सृजना गर्न ।

ख) समाजमा ब्याप्त लैंगिक विभेद तथा हिंसा, जातीय विभेद जस्ता कुरीति र हानिकारक गलत सामाजिक अभ्यास हटाई समान पहुँच र अवसर प्रदान गर्न ।

ग) नेपाल सरकारले प्रतिबद्धता जनाएका राष्ट्रिय अन्तराष्ट्रिय सन्धी महासन्धीहरुलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्य पुरा गर्न ।

घ) लैङ्गिक उत्तरदायी बजेट तथा योजना र लैससासमैत्री र उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्न ।

ङ) लैंगिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण गर्न ।

## परिच्छेदः ३

## ६.लैससास नीतिको दिर्घकालिन सोंच, ध्येय, लक्ष्य तथा उद्देश्यहरुः

### ६.१. दिर्घकालिन सोंचः

लैङ्गिक समानता र सामाजिक समावेशीता सहितको बर्दिबास नगरपालिका।

### ६.२ लक्ष्यः

बर्दिबास नगरपालिकामा सन् २०३५ सम्म महिला तथा सिमान्तकृत समुदायको सशक्तिकरण गरी समान पहुच र अवसर सुनिश्चित गर्ने ।

### ६.३. उद्देश्यहरुः

- लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु,
- लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य मान्यता, प्रथा परम्परालाई व्याहारिक रुपमा अन्त्य गर्नु,
- लक्षित वर्गको सामाजिक आर्थिक सशक्तिकरण गरी जिवनस्तरमा सुधार ल्याउनु,

- समावेशी विकासका लागि तथ्याङ्क, सूचना प्रणाली, अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सुदृढ बनाउनु।

## परिच्छेद ४.

### ७. प्रमुख नीति तथा रणनीति र कार्यनीतिहरुः

#### ७.१. प्रमुख नीतिहरुः

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई संस्थागत गर्न नगरपालिकाका विद्यमान नीति, कानुन, कार्यविधि तथा मापदण्डहरूको समयानुकूल पुनरावलोकन, संशोधन र परिमार्जन गर्ने।

२. नगरपालिकाका सबै नीति, योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लैङ्गिक उत्तरदायी बजेट प्रणालीको मूलप्रवाहीकरण गर्ने।

३. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

४. शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सीप विकास, सार्वजनिक सेवा तथा उत्पादनशील स्रोत– साधनमा लक्षित समुदायको समान पहुँच, उपयोग र लाभ सुनिश्चित गर्ने।

५. स्थानीय शासन, नीति निर्माण तथा निर्णय प्रक्रियामा समावेशी प्रतिनिधित्व, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिलाई प्रवर्द्धन गर्ने।

६. लैङ्गिक हिंसा, जातीय विभेद, सामाजिक बहिष्करण तथा सबै प्रकारका भेदभाव न्यूनीकरण गर्दै सुरक्षित, सम्मानजनक, अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा लैङ्गिक पहूँच योग्य संरचना, वातावरण र सेवा प्रवाह सुनिश्चित गर्ने।

७. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरणसम्बन्धी तथ्याङ् प्रणालिमा सदृढीकरण गर्दै सरकारी, गैरसरकारी, निजी क्षेत्र र समुदायबीच सहकार्य तथा साझेदारी प्रवर्द्धन गर्ने।

७.२. लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरुः

| रणनीति | कार्यनीति |
|---|---|
| नीतिः १) लैससासको अवधारणालाई सम्बोधन गर्न नगपालिकाको बिद्यमान नीति तथा कानुनी सुधार र संस्थागत सुदृढीकरण । | |
| **रणनीति १**<br>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(GESI)अवधारणालाई संस्थागत गर्ने कानुनी तथा नीतिगत संरचना सुदृढ बनाउने।<br><br>**रणनीति २**<br><br>लैससासलाई संस्थागत गर्ने संस्थागत संरचना विकास र ब्यबस्थापन गर्ने। | • नगरपालिकाका ऐन, नियम, कार्यविधि तथा मापदण्डहरूको समयानुकुल तथा लैससास दृष्टिकोणबाट समिक्षा तथा पुनरावलोकन गरी संशोधन गर्ने,<br>• लैससास अवधारणा अनुरुप नगरपालिकामा आवश्यक नयाँ नीति,कानुन र कार्यविधि निर्माण गरी लागु गर्ने,<br>• लैससास नीतिले निर्दिष्ट गरेका रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्ययोजना बनाई लागु गर्ने,<br>• लैससास फोकल शाखा तथा जिम्मेवार पदाधिकारी तोक्ने,<br>• लैससास अवधारणा अनुसार नगरपालिकाको विषयगत शाखाहरुको जिम्मेवारी तोक्ने,<br>• यस नगरपालिका भित्रको टोल विकास संस्था, उपभोक्ता समिति, खानेपानी समिति लगायतका संस्थागत संरचनाहरुलाई लैससासमैत्री बनाउने,<br>• नगरपालिकाले सबै वडा तहसम्म लैससास नीतिको प्रभावकारी कार्यान्वयन गर्न अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने,<br>• पालिकाका जनप्रतिनिधी तथा कर्मचारी लगायत सबै सरोकारवाला निकायलाई लैससास नीति सम्बन्धमा |

बौद्धिक मसौदा

| | |
|---|---|
| | अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने,<br>• पालिका र वडा तहसम्मको लैससास कार्यान्वयन समिति, लैससास अनुगमन तथा निर्देशन समिति ब्यवस्था गरी कार्यविवरण तोक्ने,<br>• नगरपालिका र वडा तहसम्म लैससास कार्यान्वयन समिति तथा लैससास अनुगमन समिति निर्माण गर्ने। |
| **नीति २. नगरपालिकाको लैङ्गिक उत्तरदायी योजना,बजेट तथा कार्यक्रम प्रणाली तयार गर्ने** | |
| **रणानीति १**<br>नगरपालिकाको सबै योजना तथा बजेट प्रक्रियामा लैङ्गिक उत्तरदायित्व सुनिश्चित गर्ने।<br><br>**रणनीति २**<br>लक्षित समूहमुखी योजना तथा कार्यक्रम प्रणाली विकास गर्ने। | • नगरपालिकाको योजना तर्जुमा मार्गदर्शनमा GESI मापदण्ड अनिवार्य गर्ने,<br>• नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात वृद्धि गर्ने,<br>• लक्षित समुदायका लागि विशेष कार्यक्रम तथा बजेट विनियोजन गर्ने,<br>• पालिकामा लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणाली लागू गर्ने,<br>• लक्षित समुदायको आर्थिक सशक्तिकरण मार्फत जिवन स्तर सुधारका वार्षिक कार्यक्रमहरु सञ्चालन गर्ने,<br>• वार्षिक योजना तथा बजेटमा समावेशी सूचकहरू प्रयोग गर्ने,<br>• नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक |

| | |
|---|---|
| | समावेशीकरण परिक्षण (GESI Audit) र लैंगिक उत्तरदायी बजेट बिश्लेषण (GRB) निरन्तरता र प्रतिवेदनबाट प्राप्त सुझावको आधारमा बार्षिक नीति कार्यक्रम योजनामा समावेश गरी कार्यान्वयन गर्ने।<br>• नगरपालिका र वडा तहमा नियमित रुपमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिने। |
| **नीति ३. नीति निर्माण तथा कार्यान्वयनको सबै प्रक्रियामा लक्षित वर्ग, समुदायको समावेशी तथा अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चितता** | |
| रणनीति १<br>निर्णय प्रक्रियामा लक्षित समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।<br><br>**रणनीति २**<br>नेतृत्व विकास तथा प्रतिनिधित्व सुदृढ गर्ने। | • नगर पालिकाको टोल तथा बस्तीस्तरका योजना तर्जुमा प्रक्रियामा लक्षित वर्ग समुदायको समावेशी सहभागिता अनिवार्य गर्ने,<br>• महिला तथा लक्षित वर्गको नेतृत्वमा नगरपालिकाको विषयगत समितिहरु तथा समय समयमा गठन हुने समितिहरु निर्माण गर्ने,<br>• महिला तथा सीमान्तकृत समूहको नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने,<br>• समुदायस्तरमा लैससास र लैङ्गिक उत्तरदायी प्रावधान सचेतना तथा अभिमुखीकरण कार्यक्रम गर्ने,<br>• लैससास प्रवर्धनको लागि सरोकारवाला निकायहरुको क्षमता अभिबृद्धि गरी नियमित समन्वय र सहकार्य गर्ने,<br>• नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई लैससास अवधारणा र प्राबधान बारे अभिमूखिकरण गराई लैङ्गिक उत्तरदायी कार्यप्रणाली सुनिश्चित गर्ने,<br>• लैससास मूलप्रबाहिकरणका लागि आवश्यक जनशक्ति |

| | |
|---|---|
| | विकास गर्न नगरपालिकाले क्षमता विकास योजना बनाई लागु गर्ने। |
| **नीति ४.सार्वजनिक स्रोत साधन र लाभ उपयोगमा लक्षित समुदायको पहुँच र नियन्त्रण तथा आर्थिक सशक्तीकरण सुनिश्चित गर्ने ।** | |
| **रणनीति १**<br>लक्षित समूहको सञ्जाल, समूह, समिति तथा सहकारी गठन गर्ने।<br>**रणनीति २**<br>लक्षित समूहको आर्थिक सशक्तीकरण प्रवर्द्धन गर्ने। | • नगरपालिकामा महिला, बालबालिका अपांगता, जेष्ठनागरीक, दलित लैङ्गिक तथा यौनिक अल्पसख्यंक र सिमान्तकृत समुदाय लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि सञ्जाल, समिति तथा समूह निर्माण गरी परिचालन गर्ने ।<br>• विपन्न महिलाहरुको समूह गठन गरी आयआर्जन उन्मुख कार्यक्रमहरु सञ्चालन गर्ने,<br>• समुदायमा रहेका समूह, समिति, सहकारीहरु लक्षित क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने,<br>• नगरपालिकाले शिक्षा, स्वास्थ्य, रोजगारी र सीप विकास कार्यक्रम विस्तार गर्ने,<br>• नगरपालिकामा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र उद्यमशिलता विकास मार्फत लक्षित वर्ग समुदायलाई स्वरोजगार बनाई जिविकोपार्जनमा सुधार ल्याउने,<br>• सहकारी तथा वित्तीय सेवामा पहुँच विस्तार गर्न, विपन्न तथा सीमान्तकृत समूह लक्षित कार्यक्रम सञ्चालन गर्न तथा रोजगारीका अवसरमा लक्षित वर्ग समुदायको सहभागिता बढाउन सकारात्मक विभेदको नीति अवलम्बन गर्ने, |

| | |
|---|---|
| | • स्थानीय स्रोत र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत वितरण प्रणाली अवलम्वन गर्ने। |
| **नीति ५. सामाजिक न्याय, सुरक्षा तथा भेदभाव र परम्परागत मूल्यमान्यता न्यूनीकरण गर्ने ।** | |
| **रणनीति १.**<br>सबै प्रकारका लैङ्गिक तथा सामाजिक भेदभाव अन्त्य गर्ने।<br><br>**रणनीति २**<br>सुरक्षित, सम्मानजनक र समावेशी वातावरण निर्माण गर्ने। | • सबै प्रकारका विभेद विरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्न आचारसंहिता बनाई लागु गर्ने,<br>• हिंसा प्रभावित महिला, किशोरी तथा बालिकाहरुको संरक्षणका लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने,<br>• हिंसा वा दुर्व्यवहार विरुद्ध वकालत तथा प्रतिकारात्मक क्षमता अभिबृद्धि गर्ने,<br>• जातीय विभेद, छुवाछुत, र हानिकारक मुल्य मान्यता विरुद्ध व्यापक रुपमा सचेतनामूलक अभियान संचालन गर्ने,<br>• न्यायिक समितिको भूमिका र महत्व बारे समुदाय तहमा अभिमूखिकरण मार्फत ब्यापक प्रचार प्रसार गर्ने,<br>• नगर पालिका लगायत सबै सार्वजिनक निकायहरुमा सेनीटरी प्याड तथा डिस्पोजलको ब्यबस्था सहित महिला पुरुषको अलग अलग सौचालय ब्यबस्थापन गर्ने,<br>• बालविबाह विरुद्ध रणनैतिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने,<br>• महिला कर्मचारी, जनप्रतिनिधी तथा सेवा ग्राहीहरुका लागि आबश्यक सामाग्री सहित स्तनपान कक्षको |

| | |
|---|---|
| | ब्यबस्थापन गर्ने,<br>• अपांगतामैत्री, लैंगिकमैत्री र बालमैत्री तथा पहुँच योग्य संरचना र पूर्वाधारहरुको सुनिश्चित गर्ने,<br>• सार्वजनिक सेवा प्रवाह गर्दा अपांगता, जेष्ठनागरीक, गर्भवती महिला, बालबालिकालाई पहिलो प्राथमिकतामा राखी तथा लैङ्गिक उत्तरदायी सेवा प्रवाह गर्ने,<br>• कार्यस्थालमा हुने यौनजन्य दुर्व्यवहार र हिंसा विरुद्ध कानुनी प्रावधान तयार गरी कार्यान्वयन गरी प्रचार प्रसार तथा जानकारी गराई न्यायमा पहुँच बढाउने,<br>• प्राकृतिक विपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला, बालबालिका र जेष्ठ नागरीकहरुको संरक्षण तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने,<br>• बर्दिबास अस्पतालको OCMC लाई प्रविधिमैत्री तथा पहुँचयोग्य बनाउने। |
| **नीति ६ लैङ्गिक उत्तरदायी समावेशी सुशासन तथा क्षमता विकास अभिबृद्धि गर्ने ।** | |
| **रणनीति १**<br>लैङ्गिक उत्तरदायी र समावेशी सुशासन प्रणाली संस्थागत गर्ने।<br><br>**रणनीति २**<br>मानव संसाधन तथा नेतृत्व क्षमता विकास गर्ने। | • नगर पालिकाको कर्मचारी तथा जनप्रतिनिधिका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) र लैङ्गकि उत्तरदायी बजेट GRB सम्बन्धी आधारभूत र उन्नत तालिम नियमित रूपमा सञ्चालन गर्ने,<br>• निर्णय तह (कार्यपालिका, समिति, उपसमिति) मा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समूहको नेतृत्वमुखी भुमिका स्थापति गर्ने,<br>• वार्षिक रूपमा क्षमता विकास योजना (Capacity Development Plan) तयार गरी कार्यान्वयन गर्ने,<br>• सेवा प्रवाहलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउन |

| | |
|---|---|
| | भौतिक संरचना, सूचना प्रणाली र व्यवहारिक सेवा प्रणाली सुधार गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहमा समावेशीता सुनिश्चित गर्न सेवा केन्द्रहरूमा पहुँचयोग्य संरचना (ramps, signage, separate help desk आदि) विकास गर्ने,<br>• कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनमा GESI उत्तरदायित्व सूचक समावेश गर्ने,<br>• नागरिक वडापत्र, सूचना तथा सेवा प्रवाह सामग्रीलाई सबै समूहले बुझ्ने भाषामा (स्थानीय भाषा/सरल नेपाली) उपलब्ध गराउने,<br>• नियमित रूपमा सेवाग्राही सन्तुष्टी परीक्षण मार्फत सेवा प्रवाहको समावेशीता मूल्याङ्कन गर्ने,<br>• डिजिटल सेवा प्रणाली विकास गर्दा अपाङ्गता मैत्री तथा सबै वर्गको पहुँच हुने गरी प्रविधि प्रयोग गर्ने,<br>• अन्तर विभागीय समन्वय सुदृढ गरी GESI सम्बन्धी कार्यहरूको संयुक्त अनुगमन प्रणाली लागू गर्ने। |
| **नीति ७. तथ्याङ्क व्यवस्थापन, अनुसन्धान, अनुगमन मूल्याङ्कन तथा साझेदारी प्रवर्द्धन गर्ने** | |
| रणनीति १<br><br>GESI र GRB सम्बन्धी तथ्याङ्क प्रणाली सुदृढ गर्ने।<br><br>रणनीति २<br><br>विभागिय तथा बहु-क्षेत्रीय साझेदारी र | • लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी छुट्टै एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने,<br>• सबै योजना, कार्यक्रम तथा सेवामा लाभग्राही वर्गगत (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति आदि) तथ्याङ्क अनिवार्य रूपमा संकलन गर्ने,<br>• वडा तथा शाखा स्तरमा नियमित तथ्याङ्क अद्यावधिक तथा रिपोर्टिङ प्रणाली स्थापना गर्ने,<br>• डिजिटल सूचना प्रणाली (MIS/डेटाबेस) विकास गरी GESI सम्बन्धी तथ्याङ्कलाई डिजिटल रूपमा व्यवस्थापन गर्ने,<br>• GESI सूचकहरूको आधारमा वार्षिक प्रगति, उपलब्धि |

| | |
|---|---|
| समन्वय विस्तार गर्ने। | तथा प्रभाव मूल्याङ्कन गर्ने प्रणाली लागू गर्ने,<br>• नियमित रूपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण (Gender Audit), सार्वजनिक सुनसवाई तथा सामाजिक परीक्षण (Social Audit) गर्ने,<br>• त्रैमासिक तथा वार्षिक समीक्षा बैठकमार्फत GESI प्रगतिको विश्लेषण गर्ने,<br>• सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज तथा विकास साझेदार संस्थासँग सहकार्य र समन्वय गर्ने,<br>• स्थानीय तथा राष्ट्रिय तहका विकास साझेदारसँग GESI सम्बन्धी ज्ञान, अनुभव र स्रोत आदानप्रदान गर्ने,<br>• समुदाय स्तरमा सहभागितामूलक अनुगमन प्रणाली (Community Monitoring System) विकास गर्ने,<br>• उजुरी सुनुवाइ तथा प्रतिक्रिया प्रणाली (Grievance Redress Mechanism) सुदृढ गर्ने,<br>• अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने र पारदर्शिता सुनिश्चित गर्ने,<br>• सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा समुदायसँग साझेदारी गरी GESI लक्षित कार्यक्रमहरू सञ्चालन तथा स्रोत परिचालन गर्ने। |

बदिबास गाउँ

<u>परिच्छेदः ५</u>

## ८.लैससास नीति कार्यान्वयन तथा अनुगमन प्रणालीः

**८.१. संस्थागत संरचना निर्माण तथा ब्यबस्थापनः** नगरपालिकाले लैससास अवधारणाको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको लैससास कार्यान्वयन अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गरिनेछः

- नगर प्रमुखः संयोजक
- नगर उप्रमुखः सदस्य
- प्रमुख प्रशासकिय अधिकृतः सदस्य
- सामाजिक विकास समितिका संयोजकः सदस्य
- कार्यपालिका सदस्यहरु मध्येबाट कम्तीमा १ जना महिला सहित संयोजकले तोकेको २ जनाः सदस्य
- सामुदायिक संघसंस्था मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको २ जनाः सदस्य
- महिला बालबालिका तथा ज्येष्ठनागरिक तथा लैससास शाखा प्रमुखः सदस्य सचिव

**८.२.लैससास कार्यान्वयन अनुगमन तथा निर्देशन समितिको काम कर्तव्य र अधिकारः**

१. नगरपालिकाको लैससास नीति, रणनीति, कार्ययोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने।

२. नगरपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेटमा लैससासको मूलप्रवाहीकरण तथा लैङ्गकि उत्तरदायी भए नभएको समीक्षा तथा अनुगमन गर्ने।

३. लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरूको प्रगति समीक्षा गरी आवश्यक सुझाव तथा निर्देशन दिने।

४. महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य सीमान्तकृत समुदायको सहभागिता, पहुँच र लाभ सुनिश्चित भए नभएको अनुगमन गर्ने।

५. लैससास सम्बन्धी सूचकका आधारमा कार्यक्रम तथा सेवाको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक सुझावहरु पेश गर्ने ।

६. लैससास नीति कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा अवरोधहरूको पहिचान गरी समाधानका लागि आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुझाव दिने।

७. लैङ्गिक हिंसा, विभेद, सामाजिक बहिष्करण तथा असमानतासम्बन्धी विषयमा सम्बन्धित निकायसँग समन्वय गरी सुधारात्मक पहल गर्ने।

८. लैससाससम्बन्धी तथ्याङ्क, प्रतिवेदन, अध्ययन तथा अनुसन्धानको समीक्षा गरी आवश्यक निर्णय तथा निर्देशन दिने।

९. सरोकारवाला निकाय, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र साझेदारी प्रवर्द्धन गर्ने।

१०. नीति कार्यान्वयनको प्रगति सम्बन्धी वार्षिक समीक्षा गरी आवश्यक सुधारात्मक कार्ययोजना स्वीकृत तथा सिफारिस गर्ने।

११. लैससाससम्बन्धी क्षमता विकास, सचेतना अभिवृद्धि तथा संस्थागत सुदृढीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक निर्देशन दिने।

१२. नगरपालिकाले तोकेका अन्य लैससाससम्बन्धी कार्यहरू गर्ने तथा गराउने।

१३ लैससास नीति तथा रणनीतिसँग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आवश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत विषयगत शाखा तथा निकायहरुलाई सुझाव पेश गर्ने ।

१४ वडा तह र समग्र नगरपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा बिश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र नगर सभामा सिफारिस गर्ने ।

**८.३ वडा तहको लैससास अनुगमन तथा निर्देशन समितिः**

- वडा अध्यक्षः संयोजक
- वडा सदस्य सबैः सदस्य
- वडा तहमा लैससास क्षेत्रमा क्रियाशिल संघसंस्थाबाट समाबेशी हुनेगरी १ जना सदस्य
- वडा सचिवः सदस्य सचिव

**८.४. वडास्तरीय लैससास कार्यान्वयन अनुगमन तथा निर्देशन समितिको काम कर्तब्य र अधिकारः**

१. वडा स्तरमा लैससास नीति, रणनीति, कार्यक्रम तथा कार्ययोजनाको कार्यान्वयनमा सहजीकरण, समन्वय तथा सहयोग गर्ने।

२. वडा तहका योजना, कार्यक्रम तथा बजेटमा लैससासको मूलप्रवाहीकरण भए नभएको अनुगमन तथा समीक्षा गर्ने।

३. महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य सीमान्तकृत समूहको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पहल गर्ने।

४. वडा स्तरमा सञ्चालन हुने कार्यक्रम तथा सेवाबाट लक्षित समुदायले समान पहुँच, सहभागिता र लाभ प्राप्त गरे/नगरेको अनुगमन गर्ने।

५. लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, छुवाछुत, विभेद तथा सामाजिक बहिष्करणका घटनाहरूको रोकथाम तथा न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।

६. वडाभित्रका सरकारी, गैरसरकारी, सामुदायिक संस्था तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य प्रवर्द्धन गर्ने।

७. लैससास सम्बन्धी तथ्याङ्क संकलन, अद्यावधिक तथा विश्लेषण गरी वडा तथा नगरस्तरीय समितिलाई आवश्यक सूचना उपलब्ध गराउने।

८. वडा स्तरमा लैससाससम्बन्धी सचेतना, क्षमता विकास तथा व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने।

९. लैससास नीति कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा आवश्यकताहरू पहिचान गरी नगरस्तरीय समितिमा सिफारिस गर्ने।

१०. उपसमितिको नियमित बैठक सञ्चालन गरी निर्णय तथा प्रगति विवरण अभिलेखीकरण गर्ने।

११. वडा स्तरमा सञ्चालन भएका लैससास सम्बन्धी कार्यक्रमहरूको अनुगमन गरी आवश्यक सुधारात्मक सुझाव दिने।

१२. नगरस्तरीय लैससास कार्यान्वयन, अनुगमन तथा निर्देशन समितिले तोकेका अन्य कार्यहरू गर्ने तथा गराउने।

१३ लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्याबधीक गर्ने गराउने ब्यबस्था मिलाउने ।

## परिच्छेद ६

### ९. लैससास नीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरुः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) बहुआयामिक, अन्तरसम्बन्धित तथा साझा सरोकारको विषय भएकाले यसको प्रभावकारी कार्यान्वयन कुनै एक निकायको प्रयासबाट मात्र सम्भव हुँदैन। लैससासको मूलप्रवाहीकरण तथा संस्थागत विकासका लागि बर्दिबास नगरपालिका, वडा कार्यालय, सरकारी तथा गैरसरकारी संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्था तथा नागरिक समाजबीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारी आवश्यक पर्दछ।

लैससास नीतिले सुनिश्चित गरेका उद्देश्य, रणनीति तथा कार्यनीतिहरू कार्यान्वयन गर्ने क्रममा सीमित स्रोत– साधन, अपर्याप्त तथ्याङ्क तथा सूचना प्रणाली, संस्थागत तथा प्राविधिक क्षमता अभाव, कमजोर समन्वय, सामाजिक तथा सांस्कृतिक विभेद, परम्परागत पितृसत्तात्मक सोच, रूढीवादी मान्यता, सामाजिक बहिष्करण तथा अन्य संरचनागत अवरोधका कारण विभिन्न प्रकारका जोखिम तथा चुनौतीहरू उत्पन्न हुन सक्नेछन्।

त्यसैगरी, लक्षित समुदायको न्यून सहभागिता, नीति तथा कार्यक्रमप्रति अपर्याप्त स्वामित्व, सीमित बजेट तथा स्रोत परिचालन, विपद् तथा अन्य आकस्मिक परिस्थितिहरूले पनि नीतिको प्रभावकारी कार्यान्वयनमा असर पार्न सक्ने सम्भावना रहन्छ।

यस नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्भावित जोखिम तथा चुनौतीहरूको समयमै पहिचान, विश्लेषण र व्यवस्थापन गर्दै जोखिम न्यूनीकरणका लागि आवश्यक नीतिगत, संस्थागत, व्यवस्थापकीय तथा व्यवहारगत

उपायहरू अवलम्बन गरिनेछ। सम्भावित जोखिम तथा तिनको न्यूनीकरणका उपायहरू देहाय बमोजिम उल्लेख गरिएको छ।

| क्र.सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | लैससास (GESI) सम्बन्धी ज्ञान, बुझाइ तथा धारणामा जनप्रतिनिधि र कर्मचारीहरूबीच एकरूपता नहुन सक्छ, जसका कारण नीति कार्यान्वयनमा फरक–फरक व्याख्या वा दृष्टिकोण देखिन सक्ने सम्भावना रहन्छ, | • जनप्रतिनिधि र कर्मचारीहरूका लागि लैससास (GESI) सम्बन्धी नियमित अभिमुखीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्ने।<br>• नीति, अवधारणा तथा कार्यान्वयन प्रक्रियाबारे स्पष्ट मार्गदर्शन (Guideline) तथा कार्यविधि तयार गरी लागू गर्ने।<br>• सबै तहका सरोकारवालाबीच नियमित समन्वय, छलफल तथा समीक्षा बैठक सञ्चालन गर्ने।<br>• GESI फोकल व्यक्ति/इकाइ मार्फत एकीकृत जानकारी प्रवाह र परामर्श प्रणाली सुदृढ गर्ने।<br>• नीति कार्यान्वयनमा एकरूपता सुनिश्चित गर्न अनुगमन तथा सहजीकरण प्रणालीलाई प्रभावकारी बनाउने। | |
| २ | सामाजिक विकासका कार्यक्रमहरू भौतिक विकासका कार्यक्रम जस्तो तत्काल प्रत्यक्ष परिणाम देखिने प्रकृतिको नहुने भएकाले लैङ्गिक | • लैससास (GESI) कार्यक्रमका दीर्घकालीन सामाजिक तथा आर्थिक प्रभावबारे जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालालाई नियमित अभिमुखीकरण | |

| | | | |
|---|---|---|---|
| | समानता तथा सामाजिक समावेशीकरण (लैससास) विषय पालिकाको प्राथमिकतामा पर्याप्त रूपमा नपर्न सक्ने जोखिम रहन सक्छ, | तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>• नीति, योजना तथा बजेटमा लैससास सूचकहरू अनिवार्य रूपमा समावेश गरी कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने।<br>• लैससास कार्यक्रमका प्रगति तथा उपलब्धिहरू नियमित रूपमा सार्वजनिक गर्ने तथा सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने।<br>• लैससास कार्यक्रमलाई दिगो विकास लक्ष्य (SDGs) तथा स्थानीय विकास प्राथमिकतासँग स्पष्ट रूपमा जोडेर कार्यान्वयन गर्ने।<br>• अनुगमन, समीक्षा तथा सामाजिक लेखाजोखा प्रणाली सुदृढ गरी लैससास कार्यक्रमको प्रभावकारिता र आवश्यकताको निरन्तर मूल्याङ्कन गर्ने। | |
| ३ | पितृसत्तात्मक सोच, सामाजिक विभेद, छुवाछुत तथा हानिकारक सामाजिक अभ्यासको निरन्तरता, | • समुदाय, विद्यालय, टोल विकास संस्था तथा धार्मिक/सामाजिक संरचनामार्फत निरन्तर GESI सम्बन्धी जनचेतना, अभिमुखीकरण तथा व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गर्ने।<br>• महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समूहको सशक्तीकरणका लागि शिक्षा, सीप विकास तथा आर्थिक सशक्तीकरण कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| | | प्रभावकारी रूपमा सञ्चालन गर्ने।<br>• छुवाछुत, लैङ्गिक हिंसा, बालविवाह तथा सबै प्रकारका विभेदविरुद्ध कानुनी व्यवस्था, अधिकार र दण्ड सजायबारे व्यापक प्रचार–प्रसार गर्दै शून्य सहनशीलता नीति लागू गर्ने।<br>• स्थानीय नेतृत्व, जनप्रतिनिधि, धार्मिक अगुवा तथा प्रभावशाली व्यक्तिहरूलाई सामाजिक रूपान्तरणका अभियन्ताका रूपमा परिचालन गर्ने तथा सामुदायिक संवाद नियमित गर्ने। | |
| ४ | नीति कार्यान्वयनका लागि पर्याप्त बजेट तथा स्रोत–साधनको अभाव, | •नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा लैससास (GESI) कार्यक्रमलाई प्राथमिकता दिँदै आवश्यक बजेट विनियोजन गर्ने तथा लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणालीलाई संस्थागत गर्ने।<br>• विकास साझेदार, सरकारी तथा गैरसरकारी संस्था र निजी क्षेत्रसँग समन्वय गरी सह–लगानी तथा स्रोत परिचालन (resource mobilization) मार्फत अतिरिक्त स्रोत सुनिश्चित गर्ने। | |
| ५ | नीति कार्यान्वयनप्रति स्वामित्व तथा | सबै सरोकारवालाको सहभागिता र | |

| | | | |
|---|---|---|---|
| | प्रतिबद्धताको कमी, | जिम्मेवारी सुनिश्चित गर्दै जवाफदेहिता प्रणाली सुदृढ गर्ने। | |
| ६ | लक्षित समूहको न्यून सहभागिता तथा प्रतिनिधित्व, | • निर्णय प्रक्रिया तथा कार्यक्रम कार्यान्वयनमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | |
| ७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) बहुक्षेत्रीय सरोकारको विषय भएकाले अपेक्षाअनुसार सबै सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित नहुन सक्ने जोखिम रहन सक्छ, | • नगरपालिकाको नेतृत्वमा नियमित अन्तर–निकाय समन्वय बैठक, संयुक्त योजना तथा समीक्षा प्रणाली सञ्चालन गरी सबै सरोकारवालाबीच प्रभावकारी सहकार्य सुनिश्चित गर्ने।<br>• स्पष्ट भूमिका, जिम्मेवारी र कार्यसम्पादन ढाँचा (ToR) निर्धारण गरी सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा समुदायबीच समन्वय र जवाफदेहिता प्रणाली सुदृढ गर्ने। | |
| ८ | तथ्याङ्क तथा सूचनाको अभाव वा कमजोर तथ्याङ्क प्रणाली हुनसक्ने, | • लैससास (GESI) सम्बन्धी छुट्टै एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली (MIS/डाटाबेस) विकास गरी नियमित अद्यावधिक, विश्लेषण र प्रयोग सुनिश्चित गर्ने।<br>• वडा, शाखा तथा सरोकारवाला निकायमार्फत लक्षित समूहगत (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति आदि) तथ्याङ्क संकलनलाई अनिवार्य बनाउँदै नियमित रिपोर्टिङ प्रणाली सुदृढ गर्ने। | |
| ९ | कार्यक्रम तथा सेवाको अनुगमन र | • लैससास (GESI) सूचकमा आधारित स्पष्ट | |

| | | | |
|---|---|---|---|
| | मूल्याङ्कन कमजोर हुनसक्नु, | अनुगमन तथा मूल्याङ्कन (M&E) ढाँचा विकास गरी नियमित अनुगमन, समीक्षा तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गर्ने।<br>• अनुगमन तथा मूल्याङ्कनमा सरोकारवाला निकाय, वडा, समुदाय तथा लक्षित समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सामाजिक लेखाजोखा (Social Audit) प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्ने। | |

## परिच्छेदः ७

### १०. कानुनी व्यवस्था तथा पुनरावलोकनः

#### १०.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयनः

बर्दिबास नगरपालिकाद्वारा तर्जुमा गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, सामाजिक समावेशीकरण नीति, २०७८ तथा नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूलाई आधार मानी निर्माण गरिएको हो।
लैससास नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट कार्यदिशा सहितको कार्यान्वयन कार्ययोजना (Implementation Plan) तयार गरी लागू गरिनेछ। उक्त कार्ययोजनामा नीतिले परिकल्पना गरेको दृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरूलाई समेटी समयबद्ध कार्यान्वयन तालिका (Action Plan with Timeline) निर्धारण गरिनेछ। यस कार्यान्वयन योजनामार्फत जिम्मेवार निकायहरूको स्पष्ट कार्यभूमिका, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समेत व्यवस्थित गरी नीति कार्यान्वयनलाई प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाइनेछ।

### १०.२.नीतिको पुनरावलोकन तथा सुधारः

बर्दिबास नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८३ को उपयोगिता र प्रभावकारिताको मूल्याङ्कन गर्न प्रत्येक पाँच वर्षमा नियमित रूपमा समिक्षा गरिनेछ। उक्त समिक्षा तथा मूल्याङ्कनको आधारमा नीति कार्यान्वयनको उपलब्धि, चुनौती तथा सिकाइहरूको विश्लेषण गरी आवश्यकताअनुसार आवधिक रूपमा नीतिमा समयानुकूल संशोधन, परिमार्जन तथा सुधार गरिनेछ। यस प्रक्रियाले नीतिलाई समसामयिक, प्रभावकारी, परिणाममुखी तथा परिवर्तनशील सामाजिक आवश्यकतासँग सान्दर्भिक बनाउँदै निरन्तर सुधार र सुदृढीकरण सुनिश्चित गर्नेछ।

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका

बर्दिबास राजपत्र